प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश

प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा अन्तर्गत

**अधिकृतस्तर एघारौं तहको (प्राविधिक) पदको अन्तर तह प्रतियोगितात्मक परिक्षाको विज्ञापन।**

सूचना नं.१४८/०८२-८३ प्रकाशन मितिः२०८२/०८/२६

प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पदपूर्तिका लागि माग भई आएका देहाय बमोजिमको सेवा, समूह र उपसमूहका अधिकृतस्तर एघारौ तहका (प्राविधिक) पदहरुमा प्रदेश निजामती सेवा ऐन तथा नियमावली बमोजिम अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका पदमा योग्यता पुगेका उम्मेदवारहरुवाट विद्युतीय (online) दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली (https://ppsconline.lumbini.gov.np/login) बाट (online) दरखास्त दिनु पर्नेछ।

| क्र.सं. | विज्ञापन नं | पद | सेवा/समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| (अ) प्रदेश स्वास्थ्य सेवातर्फ | | | | | |
| १ | ५१००१/०८२-८३ | प्रमुख कन्सल्टेन्ट मेडिकल जनरलिष्ट | प्रदेश स्वास्थ्य /मेडिकल जनरलिष्ट | अन्तर तह | १ |

**परीक्षाको किसिमः-** लिखित परीक्षा र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** बुटवल

**परिक्षा मिति,समय र स्थानः-** परीक्षा मिति सम्बन्धी जानकारी आयोगको बेवसाइट https://ppsc.lumbini.gov.np/ मार्फत पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यमः-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. १५००।- (एक हजार पाँच सय ) बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाइन पोर्टलबाट फाराम भरी Submit गर्नुपर्नेछ। फाराम Submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भए नभएको यकिन गर्ने। दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा आफ्नो सबै विवरण ठीक भएको यकिन गर्ने। यकिन गरिसकेपछि देब्रे तर्फको Menu मा देखिएका List हरूमध्ये "My Application" मा Click गरी "All Application" मा Click गर्ने। आफूले आवेदन दिएको पदको विज्ञापन नं., समावेशी कोटा, विषय छनौट गर्नुपर्ने पदको हकमा सही विषय छनौट गरे/नगरेको यकिन गर्नका लागि "Viw Details" मा क्लिक गर्ने। दरखास्त दस्तुर समेत यकिन गरिसकेपछि Close गरेर "Pay" मा Click गर्ने। Online payment गर्नेको हकमा त्यसै पेजमा रहेको "Online Option" छान्ने। बैंक Option मा "राष्ट्रिय बाणिज्य बैंक" वा "नेपाल बैंक लिमिटेड" मध्ये कुनै एक Option छनोट गर्ने। रकम भुक्तानी गर्न Connect IPS, E-Sewa, Khalti, IME Pay विकल्पहरू मध्ये कुनै एक विकल्पमा Click गर्ने। तत्पश्चात् "रकम भुक्तानी गर्नुहोस्" मा Click गर्ने। त्यसपछि छनौट गरिएको विकल्पमा Username and password राखी Online Payment मा आफ्नो नामसहितको विवरण मिलेमा वा सिधै Connect ips मा Click गरी QR Code Scan गरेर तोकिएको रकम (तोकिएको मिति बमोजिमको सिङ्गल वा दोब्बर दस्तुर) दाखिला गर्न सकिनेछ। बैंकमा गएर दाखिला गर्नेको हकमा "Offline" option छानेर भौचर Download गरी उक्त भौचर प्रिन्ट गरी तोकिएको समयभित्र सम्बन्धित बैंकमा गई तोकिएको रकम दाखिला गराउनुपर्नेछ। प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि

आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि आफ्नो इमेल, Master ID, Username र पासवर्ड सुरक्षित साथ राख्नुपर्नेछ ।

***Online Payment गर्नेको हकमा कहिले काँही Server मा अत्यधिक चाप पर्न गई Server Slow हुँदा Payment Success भएर सम्बन्धित Wallet बाट रकम Deduction भएको तर Online Portal मा भुक्तानी स्थिति (Payment Status) Pending देखिन सक्ने हुँदा केही समय प्रतिक्षा गर्नुहाला । लामो समयसम्म रकम दाखिला भएको नदेखिएमा आयोगमा जानकारी गराउनुहोला ।***

**दरखास्त दिने अन्तिम मिति:-** २०८२।०९।१७ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८२।०९।२४ गतेसम्म ।

**पेश गर्नुपर्ने कागजातहरु:-** दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने प्रमाणित कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ । *तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ । प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ ।*

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी कानुन बमोजिम प्रदेश सरकारले तोके बमोजिम ।

**सेवा, शर्त र सुविधा:-** सेवा, शर्त र सुविधा प्रचलित कानुन बमोजिम हुने ।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय ।

यस संग सम्बन्धित थप विवरण यस आयोगको वेवसाइट www.ppsc.lumbini.gov.np मा राखिएको सूचना हेर्नुहोला ।

## आवश्यक न्यूनतम योग्यता:

### (क) अन्तर तह प्रतियोगिताका लागि आवश्यक योग्यता:

१. प्रदेश निजामती सेवाको अन्तर तह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा ४ र प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ७० बमोजिमको योग्यता पुगेको ।

२. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १८ बमोजिम अयोग्य नठहरिएको ।

**द्रष्टव्य**

**(क)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list/पाठ्यक्रम बाट प्राप्त गर्न सकिनेछ । सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ ।

**(ख)** दरखास्त दिने अन्तिम मितिभित्र (सिङगल दस्तुरको मिति) निर्धारित शैक्षिक योग्यता, अनुभव, समावेशी समूह सिफारिसका प्रमाणपत्र, काउन्सिल दर्ता र नवीकरणको प्रमाणपत्र र अन्य योग्यताको प्रमाणपत्र हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुरको अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

**(ग)** माथी नखुलेका विषयहरु प्रदेश निजामती सेवा ऐन, २०८० र नियमावली, २०८१ बमोजिम हुनेछन् ।

**(घ)** दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ ।

***